निर्णय नं.  यस गाउँपालिकाको गाउँ कार्यपालिकाबाट  स्वीकृत गरी पारितका लागि गाउँ सभामा पेश हुन आएका तपसिलका ऐन नियमहरु पारित गर्ने निर्णय गरियो ।

१. होम स्टे सन्चालन तथा व्यवस्थापन कार्यविधि
२. कृषि समूह गठन तथा व्यवस्थापन कार्यविधि
३. वाल संरक्षण सम्बन्धी कार्यविधि
४. कर्मचारी प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि
५. उधम समूह गठन व्यवस्थापन तथा सञ्चालन कार्यविधि
६. वन कार्यविधि
७. वास प्लान
८. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन
९. स्थानिय हाट बजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि
१०. आर्थिक ऐन
११. विनियोजन ऐन

निर्णय नं २ गाउँपालिकाको आ व २०८१।०८२ को नीति तथा कार्यक्रमहरु गाउँपालिकको नीति तथा कार्यक्रम सर्वसम्वतले स्वीकृत गरी पारितका लागि गाउँसभामा आएकाले ती नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

**(१) सामाजिक विकास समिति**

**(क) आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धी,**

१. गाउँपालिकाभित्र गुणस्तरीय शिक्षाका लागि प्राथमिकताका साथ सबै तहका विद्यालयहरुमा प्रभावकारी शिक्षण सिकाइ पद्धति अवलम्बन गरी निरन्तर अनुमगन निरीक्षणलाई तिब्रता गरिनेछ ।

२. माध्यमिक स्तर सम्मको शिक्षालाई विद्युतीय माध्यम (स्मार्ट बोर्ड) बाट बालबालिकालाई अध्ययन गराउन महाबौद्ध माविबाट शुरु गरीने छ । यसलाई विस्तारै सवै विद्यालयमा विकास गरिनेछ । साथै अन्य शैक्षिक गुगस्तरण सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. गाउँपालिकालाई पूर्ण साक्षर वनाई यसै वर्ष पूर्ण साक्षर पालिका घोषणा यसै बर्ष गरिनेछ।

- दिवाखानालाई प्रभावकारी वनाउन विद्यालयमा स्थानीय खाद्य सामाग्री उपभोगमा जोड दिइने छ।
- शिक्षक दरवन्दी समायोजन कार्यविधि, तर्जुमा गरि लागु गरिनेछ।
- आगामी शैक्षिक सत्रबाट पालिका स्तरिय शैक्षिक पात्रो वनाई लागु गरिनेछ।

- विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता विकासका लागि EMIS तालिमको निरन्तरता कार्य सेवा प्रवेश,पूर्नर्ताजगी तथा प्रविधि प्रयोग सम्बन्धि तालिम सञ्चालन गरिने छ।
- महावौंद्ध मा.वि मा आगमी शैक्षिक सत्रवाट कक्षा ११ र १२ मा विज्ञान संकायको अध्ययन , अध्यापन सुरु गरिनेछ।

४. हरेक बस्तीमा बाल विकास केन्द्रको स्थापना गरिनेछ । सोको लागि नजिकको सामुदायिक विद्यालयबाट हेर्ने नीति लिइएको छ।

५. बालबालिकामा लगानी गर्ने नीति अनुसार बालमैत्री वातावरण निर्माण, विकास र विस्तार गर्न यसै बर्ष देखि बालबालिका सम्बन्धि विभिन्न कार्यक्रम शुरु गरिने छ ।

६. सम्बोटा लिपीमा स्थानीय पाठ्यक्रम निर्माण गरि यसै बर्ष देखि लागु गरिनेछ ।

७. हाल सन्चालनमा रहेका आवासिय विद्यालयलाई अझै सुविधायुक्त बनाउन गैह् सरकारी निकाय सँग आवश्यक साझेदारी गरि लगानी गरिनेछ । सहयोगी निकायको थप खोजि गरिदै जाने लक्ष्य लिइएको छ ।

**(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी,**

१. विद्यालयका विद्यार्थीहरुको शारीरिक विकासलाई सघाउ पुर्याउन उद्येश्यले आन्तरिक तथा वाह्य खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । साथै बाह्य पालिकामा भागलिन विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ।

२. प्रत्येक विद्यालयमा नियमित शुक्रवारे अतिरिक्त क्रियाकलाप अनिवार्य गराउने नीतिलाई निरन्तता गरिनेछ ।

३. गाउँपालिकास्तरीय खेलकूद परिषद (गाखेप) गठन गरी गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

४. गाउँपालिका अन्त्रगर्तका विद्यालयहरुमा अध्ययनरत बालबालिकाको शाररिक विकासका लागि अध्यक्ष कप प्रतियोगितालाई निरन्तता दिदै अझ थप खेलकूद अझ प्रभावकारी ढंगले प्रतियोगिता गरीने छ ।

**(ग) आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी**

१. सवै तहका विद्यालयहरुमा आधारभूत किसिमको बालमैत्री खानेपानी तथा शौचालय लगायतका सवैखाले सुविधाको उचित व्यवस्था गर्दै श्री स्टार (तीन तारे) विद्यालय बनाउन नीतिगत रुपले कार्यक्रम सन्चालन गरिने छ।

२. सवै स्वास्थ्य संस्थाहरुमा आवश्यकीय औषधि र अत्याधुनिक उपकरणको आपूर्ति गरिने । साथै संस्थागत स्तरवृद्धि तथा जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य सेवालाई अझ प्रभावकारी र जनहितकारी बनाउँदै लगिने छ ।

३. सबै संस्थाहरुलाई स्वच्छ वातावरणीय संस्थाका रुपमा रुपान्तरण गर्ने नीति लिइएको छ ।याल्वाङ स्वास्थ्य चौकीलाई पहिलो नमूना संस्थाको रुपमा विकास गरिने र यसै गरी अन्य स्वास्थ्य चौकी लागि विकास गर्दै लगिने छ ।

   विद्यालयमा प्रयोगमा ल्याएको Sanitary Pad लाई व्यवस्थित तरिकाले डिस्पोजल गर्न उचित तरिका उपनाईने छ।

   गर्भवती महिला र सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

   पूर्ण खोपयुक्त पालिका घोषण गर्न आवश्यक पहल गरिनेछ।

   लिमी गाउँको स्वास्थ चौकी वाहै महिना सञ्चालन गर्न र खोपको ढुवानी गर्नलाई गरिएको विशेष व्यवस्थालाई निरन्तरता दिइनेछ।

४. लामो प्रयासबाट यसै बर्ष गाउँपालिकाको १५ शय्या अस्पतालको नेपाल सरकारबाट जग्गा प्राप्ति गरिएको छ निकट ३ बर्ष भित्र सुविधा सम्पन्न अस्पतालका रुपमा निर्माण गरी स्वास्थ्य सेवा प्रदान गर्ने कार्य आगामि ३ बर्षमा शुरु गरिने छ ।

५. हिल्सामा हाई अल्टिच्यूट रेस्क्यू सेन्टर स्थापना भइसकेको हुँदा आवश्यक स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरी आगामी बर्ष २०८१।०८२ बाट सन्चालनमा ल्याइने छ ।

६. चीन सरकारबाट अनुदान प्राप्त सौर्य उर्जाका सोलार व्याट्री र इन्भटरहरु सवै विद्यालय र स्थास्थ्य संस्थामा जडान गरी शैक्षिक र स्वास्थ्य सेवालाई थप प्रभाकारी वनाउने लक्ष्य राख्दै आगामी बर्षहरुमा यो सुविधालाई निरन्तरता दिइने छ ।

७. याल्वाङ स्वास्थ्य चौकीबाट इ हेल्थ र दुर चिकित्सा सेवा सन्चालन गर्न शुरुवात गर्ने र स्वास्थ्य वीमालाइ निरन्तता दिइने छ ।

८. यस बर्षमा पनि उच्च चिकित्सकबाट विभिन्न रोगको निदानका लागि अपांग, बृद्धा र सर्वसाधारण एवं महिला बालबालिकाहरुलाई निशुल्क स्वास्थ्य शिविर सन्चालनका लागि निरन्तता दिइने छ ।

९. निरोगी कर्णाली यसैमा केन्द्रित स्वास्थ्य प्रणाली भन्ने कर्णाली सरकारको नीति अनुसार यस गाउँपालिकामा विभिन्न रोगबाट बच्न र बचाउने सम्बन्धी जनचेतना र शिविर सन्चालन गरी रोगबाट बच्ने उपायको विधिहरु सिकाउने नीति लिइएको छ ।

**(घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक),**

१. गाउँपालिकाबाट लैगिक समानताको सुनिश्चितता अब्बल नै गरिनेछ ।

२. फरक क्षमता भएका हरेक नागरिकहरुलाई अपांगता परिचय पत्र वितरण गरिएको छ । यस कार्यक्रमलाई आगामी बर्षहरुमा पनि निरन्तता दिई अपांगमैत्री कार्यक्रम सन्चालन गरिने छ ।

३. महिला, बाल, अपांगता लगायतको हकहित र अधिकारका लागि लक्षित वर्ग कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

४. अपांगहरुलाई शिक्षा स्वास्थ्य र रोजगारीका लागि विभिन्न अवसरमा पहुँच अभिवृद्धि गर्न लक्षित कार्यक्रम सन्चालन गरिने छ ।

५. यस बर्षबाट बालमैत्री कार्यक्रमहरु सहलगानीमा सन्चालन गर्ने नीति लिई बालविवाह अन्त्यका लागि विभिन्न कार्यक्रमहरुलाई निरन्तरता गरिनेछ ।

६. फरक क्षमता लक्षित कार्यक्रमहरु सन्चालन गर्न लागत साझेदारहरु संग सहकार्य गरिने छ ।

७. बालवालिकालाई घरमा अध्यान गर्ने उचित वातावरण सिर्जना गर्न अभिभावक अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**(ङ) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी,**

१. गाउँपालिकाको विकासको लागि गैरसरकारी संस्था, युवा क्लव र सामाजिक संस्थाहरुलाई संधै सहकार्य र सह लगानी एवं सहयोग गर्दै आवश्यक समन्वय, परिचालन तथा नियमन गर्ने नीति लिइएको छ ।

२. गाउँपालिकाको विकासका लागि पुराना गैरसरकारी संस्था संग सहकार्यमा जोड दिइने छ भने नयाँ संस्थाको खोजि गरी लागत साझेदारीलाई जोड दिइने छ ।

३. गै.स.सं लाई वढी भन्दा वढी पुँजीगत खर्च गर्ने र गराउने नीतिलाई अंगिकार गरिनेछ।

**(च) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी,**

१. गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई चुस्त र दुरुस्त राख्न बायोमेटिक प्रणाली लागु गरिनेछ ।

२. प्रत्येक वडाहरुमा तथ्यांक अद्यावधिक गर्न शिविर सञ्चालनलाई निरन्तता गरिनेछ ।

३. तथ्यमा आधारित सुरक्षा भत्ता वितरण गर्ने प्रणालीको विकास अझ प्रभावकारी गरिनेछ ।

४. सामाजिक सुरक्षा सम्बन्धी सुविधा प्रदान गर्न सम्भव नभएका स्थानमा गाउँघर अभियानद्धारा सामाजिक सुरक्षा उपलब्ध गराईने छ ।

**(छ) संस्कृति, सम्पदा, ललित कला तथा पर्यटन प्रबर्द्धन सम्बन्धी,**

१. सबै बस्तीमा रहेका कला तथा संस्कृतिको अभिलेखीकरण गरिनेछ ।

२. पर्यटकीय दृष्टिकोणले स्थानीय कला संस्कृतिलाई जोगाइ राख्न कला र संस्कृति प्रर्दशनको लागि महोत्सवहरु आयोजना गर्ने नीति लिइनेछ। हाम्रो संस्कृतिको पहिचानलाई चिनाउन आन्तरिक तथा बाह्य पर्यटकलाई विशेष निमन्त्रणा गरी उपयुक्त स्थानमा महोत्सवको आयोजना गरिनेछ।

३. संस्कृतिका धरोहर विभिन्न चार्डपर्व, पोशाक र गरगहना एवं स्थानीय वस्तुहरुलाई अझ व्यवस्थित र मनोरञ्जक वनाउन वृत्तचित्र, ब्रोसर, लेख रचना मार्फत वाहिरी समुदायलाई जानकारी गरिनेछ ।

४. पर्यटन विकास गुरुयोजना नाम्खा गाउँपालिका अनुसार पर्यटन विकासका लागि नाम्खा पर्यटन विकास समितिलाई सकृय बनाउन विशेष कार्यक्रम गरिनेछ ।

५. पहिचान भएका पर्यटकीय गन्तब्यहरुको भौतिक पूर्वाधार निर्माण गरी विकास र विस्तार गरि प्रबर्द्धन गरिनेछ।

६. पहिचान हुन वाँकी पर्यटकीय गन्तव्यहरुको द्रुत गतिमा खोज अनुसन्धान गरी पर्यटकलाई आर्कषित गरिने छ ।

७. पर्यटनमैत्री वन्यजन्तु, वन तथा वातावरण संरक्षण र सम्बर्द्धन तथा पहिचानका सुचना वोर्डहरु र केन्द्ध स्थापना गरिनेछ साथै पर्यटकिय पुलिसको व्यवस्थापन ।

८. नाम्खाका सबै खाले चाडपर्व, जात्रा, महोत्सव आदिलाई ब्रान्डिङ बनाउन स्थानीयबासीलाई सकृय बनाउन विभिन्न कार्यक्रमडहरु जस्तै होमस्टे सञ्चालन, सामुदायिक भवनमा सास्कृतिक सत्कार आदि गरिनेछ ।

**(२) पूर्वाधार विकास समिति**

**(क) सडक तथा यातायात व्यवस्था सम्बन्धी,**

१. गाउँपालिका सबै बस्तीहरुमा यातायात सुविधा पुर्याउने नीति लिइएको छ । जसमा चाला र ताङघीन गाउँलाई सडक सञ्जालसंग जोड्न विशेष पहल कदमी गरिनेछ।

२. स्थानीय सडकहरुलाई स्तरउन्नत्ति गर्दै यातायात सेवालाई प्रभावकारी बनाउदै लगिने छ ।

३. गाउँपालिकाको सडक गुरुयोजना यसै बर्ष तयार गरिनेछ ।

४. रगिंफुङ देखि तिलजुङ हुँदै हिल्सा जोड्ने बैकल्पीक मोटरबाटोलाई आगामी तीन बर्ष भित्रमा हिल्सा जोड्ने नीति लिइएको छ ।

५. ढाँडकेर्मी देखि खगालगाउँ जोड्ने ठूलो झोलुङ्गे पुलको निर्माण गरी खगालगाउँ जान सहज गरिने छ ।

**(ख) जलविद्युत, ऊर्जा, सडक बत्ती सम्बन्धी,**

१. गाउँपालिकालाई पूर्ण विद्युत सुविधायुक्त बनाउन जलविद्युत र सौर्य उर्जा जडान गरी अध्यारोमुक्त गाउँपालिका बनाउने नीति लिइएको छ ।

२. नाम्खा उज्यालो कार्यक्रम सञ्चालन गरी बैकल्पिक ऊर्जा पनि विशेष व्यवस्थापन गरिनेछ ।

३. पालिकाभित्र अध्ययन भएका र संभावित जलविद्युत आयोजना निर्माणका लागि सहजीकरण र आवश्यक पहल गरिनेछ ।

४. वैकल्पिक उर्जाहरुको प्रबर्द्धन गर्ने नीति लिइनेछ।

**(ग) सिचाई तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी,**

१. गाउँपालिकाको उर्वरा जमीनको छनोट गरी उक्त स्थानमा भरपुर सिँचाइको सुविधा पुर्याउने, पुगेको स्थानमा मर्मत सम्भारको उचित व्यवस्था मिलाइने छ।

२. सिँचाइको नयाँ प्रविधिको स्प्रिकल सिचाईको विकास र विस्तार गरी आधुनिक कृषि प्रणालीको विकास गाउँपालिका उन्मुख गराउँदै लगिने छ।

३. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिमयुक्त स्थानको पहिचान गरि तटबन्धनको व्यवस्था मिलाइनेछ ।

**(घ) सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन सम्बन्धी,**

१. आगामी बर्षमा यस गाउँपालिकाको 4G सेवालाई विस्तार गर्दै एनटिसी सेवा पुग्न नसकेको स्थान केर्मी र चालामा टावर स्थापना गरी सवै स्थानमा सञ्चार सेवा पुर्याउने लक्ष्य लिइएको छ ।

२. समुदायसंग प्रत्यक्ष सम्पर्क, समन्वयनको लागि मेरो सुझाव कार्यक्रक टोलको सञ्चालन गरिनेछ।

**(ङ) खानेपानी व्यवस्थापन सम्बन्धी,**

१. दिगो खानेपानी तथा स्वच्छ सरसफाई हाम्रो अभियानका आयोजना लागु गरिनेछ ।
२. खानेपानी आयोजना निर्माण भएका स्थानमा दिगो व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई व्यवस्थापन समिति तथा मर्मत कोषको व्यवस्था गरिने छ ।
३. स्वच्छ खानेपानी समुदायमा उपयोग गर्न खानेपानी ल्यापको स्थापना भई सकेकोले आगामी बर्षहरुमा सवै वस्तीका खानेपानीको ल्याप टेस्ट गरी मात्र उपयोग गर्न दिइने छ ।
४. कर्णाली प्रदेशको खानेपानी गुणस्तर सुधार योजना अनुसार यस गाउँपालिकाले पनि एक घर एक धारालाई निरन्तर अभियानका रुपमा लिने नीति लिइएको छ ।
५. नाम्खाभित्र सम्पूर्ण घरहरुमा शत प्रतिशत सुरक्षित खानेपानी भएको पालिका वनाउन आवश्यक कदम चालिनेछ।
६. गाउँपालिका तथा वडा वाट प्रवाह हुने सेवालाई थप प्रभावकारी वनाउन आवश्यक पर्ने सफ्टवेयरको व्यवस्था गरी प्रपिधिमैत्री वनाईनेछ तथा कर्मचारीहरुको क्षमता विकास लगायत आवश्यक संस्थागत सुधार गरिनेछ।

**(च) भवन तथा भवन संहिता एवम् निर्माण इजाजत सम्बन्धी,**

१. गाउँपालिकाको दिगो विकास र व्यवस्थित वसोवासको लागि भवन संहिता तथा मापदण्ड अनुसार स्थानीय बस्ती विकास गरिनेछ ।
२. पुराना बस्तीमा बनेका भवनहरुलाई भुकम्परहित र सुविधा सम्पन्न बनाउने अभिप्रेरित गर्ने नीति लिइनेछ ।
३. चालाको बस्तीलाई सोही वडाको उपयुक्त स्थानमा स्थानान्तरण र हेप्का, जाँग, हल्जी, तिल, न्याम र गारपारीमा बस्ती विकास गर्न आवश्यक पहलको निरन्तता गरिनेछ ।
४. छरिएर रहेका वस्तीलाई एकिकृत वस्तीको रुपमा विकास आवश्यक व्यवस्था गरिनेछ।
५. गाउँपालिकाबाट गरिने जनसेवालाई सहज बनाउन आगामी बर्ष देखि प्रशासकीय भवन निर्माणको लागि निर्माण कार्य शुरु गरिने छ ।
६. अन्तराष्ट्रिय सीमा बजार हिल्सा नाम्खा गाउँपालिकाको सान भएकाले यसलाई स्मार्ट सिटी र तुम्लिङ, याल्वाङ र लेकधिगालाई उच्च हिमाली नमूना शहरका रुपमा विकास गरिनेछ।

**(छ) जग्गा नापी तथा नक्सा, घरजग्गा धनीपुर्जा, भू–उपयोग तथा वस्ती विकास सम्बन्धी**

१. पालिकाको जग्गाको बर्गीकरण भएअनुसार भू उपयोग नीति लागु गरिनेछ ।

२. यसै आर्थिक वर्षबाट प्रत्येक वडाको जग्गालाई मुल श्रेस्ताबाट छुट्टा छुट्टै श्रेस्ता खडा गरिने छ । यसबाट पुर्खौ देखिको घरजग्गा धनी पुर्जा नामसारी गर्न सहज हुनेछ ।

३. गाउँपालिकाको सिमाना र वडा सिमानालाई एकिन गराउन आवश्यक पहल गरिने छ ।

४. पालिकाको वस्तिहरुमा पहिला नापी गर्दा गल्ती भएकोले सार्वजानिक बाटो छुट भएकोलाई कायम गर्न पहल गरिनेछ।

**(ज) सार्वजनिक निजी तथा सामुदायिक साझेदारी सम्बन्धी**

१. सार्वजनिक विकास निर्माणको लागि सार्वजनिक निजी तथा सामुदायिक साझेदारी गर्न सहकार्य र सहलगानी गर्ने नीतिलाई प्रभावकारी रुपमा लागु निरन्तता गरिनेछ ।

**(३) आर्थिक विकास समिति**

**(क) कृषि, पशुपन्छी तथा सहकारी सम्बन्धी,**

१. स्थानिय रैथाने (अर्गानीक) बालीको उत्पादनका लागि समुदायीकमा अनिवार्यताको नीति लगिने छ । कुनै पनि किसानले निजको नाममा रहेको जग्गा जमीन बाँझो राख्न पाइने छैन । यदि बाँझो रहेको खण्डमा सामुदायिक खेतीको उपयोगमा प्रयोग गरिने नीति लिइने छ ।

२. हरेक उत्पादनलाई कोसेली घरको माध्यमबाट आयआर्जन गर्ने वातावरण सृजना गरीने छ । एक गाउँ एक कोसेली घरको स्थापनाका लागि कोसेली घर दर्ता गरिने छ ।

३. यो गाउँपालिका पशुपालनको लागि धेरै संभावना भएकोले उपयुक्त स्थानको छनौट गरी आगामी वर्षदेखि पशुपालन पकेट क्षेत्रका रुपमा विकास र विस्तार गरिनेछ ।

४. पशुपालन व्यवसायलाई आधुनिकरण गर्न उन्नत खालका पशुवस्तुको नश्ल सुधार गरी पशु उत्पादनमा वृद्धि तथा खर्क व्यवस्थापनमा उचित नीति लिइनेछ।

५. पशु व्यवसायलाई प्रभावकारी तथा उत्पादनयुक्त वनाउनका लागि पशु व्यवसायकर्तालाई आधुनिक तालिमको व्यवस्था गरी पशु उत्पादनलाई वृद्धि गर्ने र पशु विमालाई निरन्तरता दिइनेछ ।

६. रैथाने वालीको उत्पादनलाई वृद्धि गर्न पकेट क्षेत्र निर्धारण गरिनेछ । कृषि उत्पादनको बजारिकरण गर्न संकलन तथा बिक्री केन्द्र स्थापना गरिनेछ ।

७. कृषि पेशालाई मर्यादित र सम्मानयोग्य बनाउन विभिन्न कृषि मेला कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. व्यवसायिक कृषक छनोट गरी ***जसको फर्म उसैलाई विरुवा*** अवधारणा अनुसार विरुवा वितरण गरिनेछ । उत्पादन र सदुपयोगको चेकजाँच गर्न सम्बन्धीत शाखा वा जनप्रतिनिधिबाट निरीक्षण र अनुगमन गरिने छ ।

९. उत्कृष्ट बेमौसमी तरकारीको उत्पादन बढाउनका लागि व्यवसायिक टनेल हाउसको ग्रीन हाउस पाल वितरणमा २५ प्रतिशत कृषकको लगानी र ७५ प्रतिशत अनुदान सहयोगमा वितरण गरिनेछ ।

१०. कृषक पकेट क्षेत्र विकासका लागि सम्बद्ध र सरोकारवाला निकायसँग लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

११. नाम्खाको समग्र कृषि विकासका लागि हरेक गाउँमा कृषि तथा पशुपन्छी विकास समिति बनाइनेछ ।

१२. नाम्खा पहिचानको कृषि व्राण्ड तयार गरी विक्री वितरणमा गाउँपालिकाले अनुमति प्रदान गर्ने नीति लिइएको छ ।

१३. कृषि ब्राण्डलाई व्यवस्थित विक्री केन्द्रका रुपमा चीनको ताक्लाकोट, सिमकोट बजार, नेपालगंज, सुर्खेत र काठमाडौंलाई मुख्यबजारिकरणका रुपमा विस्तार गरी ब्राण्ड सेल र प्रचार प्रसारको नीति लिइएको छ ।

**(ख) उद्योग तथा उद्यमशीलता विकास, वाणिज्य, पर्यटन र खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी,**

१. स्थानीय उद्यमीलाई उचित तालिम तथा प्रविधि हस्तान्तरण गरी स्थानीय उत्पादन वृद्धि गराउन प्रेरित गरिनेछ । साथै उद्यमीको लगनशिला र उत्पादनका लागि नियमित अनुगमन निरीक्षण गरिने छ ।

२. संघ र प्रदेश तथा विकास साझेदारसँग समन्वय गरी युवालाई उद्यमशील स्वरोजगार बनाउन गाउँपालिकास्तरिय बेरोजगारहरुको तथ्यांक संकलन गरी तिनीहरुको क्षमता र चाहाना अनुसार सम्भव भएका क्षेत्रमा करिव २०० जनालाई सिपमुलक तालिम सन्चालन अभियान सन्चालन गरिने नीति लिइ प्रतक्ष्य स्वरोजगार बनाइने छ ।

३. स्थानीय स्रोत साधनको अधिकतम उपलब्धता वारे अनुसन्धान गरी सोको प्रतिवेदनका आधारमा उद्योग स्थापना र सञ्चालन गरिनेछ ।

४. पहिचान भएका र उपलब्ध हुने जडीबुटीको खरिद, प्रशोधन र विक्री तथा पहिचानमा नआएका जडीबुटीको विषयमा खोज अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि स्थानियबासीको साझेदारिमा निजि क्षेत्रका कम्पनीहरुलाई उत्प्रेरित गराउने नीति लगिएको छ ।

५. उद्योगीहरुको हक हित र औद्योगिक विकासका लागि नाम्खा उद्योग वाणिज्य संघ स्थापना गरिनेछ ।

६. उद्यमशिलतालाई विकास गर्न नीजि क्षेत्र र व्यक्तिगत लगानीमा उत्पादन गर्नका निम्ती आवश्यक सहयोग गर्ने नीति लिइएको छ ।

**(ग) सहकारी तथा वित्तीय क्षेत्र,**

१. विकासमा सहकारीको स्वदायित्व रहेअनुसार अपनत्वको अनुभव गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

२. सवै सहकारी संस्थाहरुलाई सहकारी ऐन नियमानुसार डायरामा ल्याउन एक छुट्टै शाखाको स्थापना गरी तथ्यांक अध्यावधिक गरी आर्थिक र प्राविधिक विवरण अनलाइनमा राख्ने व्यवस्था मिलाइने छ ।

**(घ) रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण सम्बन्धी**

१. गाउँपालिका भरीका युवाहरुको सीप र क्षमताको अभिलेखीकरण गरिनेछ ।

२. स्थानीय युवाहरुलाई स्वरोजगार हुने होटल, कृषि, पशुपालन, व्यापार, र पर्यटन जस्ता व्यवसायलाई सञ्चालन गर्न आवश्यक तालिमको व्यवस्था गरी व्यवसाय प्रति अभिप्रेरित गरिनेछ ।

३. समूहगत र व्यक्तिगत उद्यमशीलतालाई वढवा दिन आवश्यक सामाग्रीको अनुदान कार्यक्रम सञ्चालन गरी गरिवी न्यूनीकरण गरिनेछ ।

४. रोजगार रणनीति तर्जुमा गरिनेछ र सोही रणनीति अनुसार कार्यान्वयन गरिनेछ।

५. रोजगार सिर्जनामा गा पाले लागत साझेदारी गरिनेछ र रोजगार सेवा केन्द्रलाई सक्षम सवल वनाई कार्यान्वयन गरी वेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संग्लन गराईने छ।

## (४) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

### (क) वन, वन्यजन्तु, भू-संरक्षण तथा जैविक विविधता संरक्षण सम्बन्धी,

१. वनलाई जोगाउन र भू क्षय रोक्न स्थानीय समुदायलाई अभिप्रेरित गराउँदै सामुदायिक जिम्मेवार वनाउन प्रत्येक वन अनुसारको वन उपभोक्ता समितिको गठन र परिचालन गरिनेछ ।

२. जिउँदो रुख काटी प्रयोगमा ल्याउने प्रवृतिलाई निरुत्साहित गर्न “सुकेकोलाई काममा लगाउँ हरियोलाई जोगाउँ” भन्ने मान्यता अनुरुप व्यक्ति र फर्निचर उद्योग सञ्चालनमा ल्याउन सहजीकरण गरिनेछ ।

३. गाउँपालिका हिंसामुक्त घोषणा भईसकेकाले वन्यजन्तुको संरक्षण र सम्बर्धन गर्न संरक्षण क्षेत्रको नियमन गरिनेछ ।

४. वन्यजन्तु संरक्षण र वृद्धिका लागि विभिन्न अनुसन्धान तथा संरक्षण सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ । यसको लागि वृत्रचित्र निर्माण, प्रचार सामाग्री लेखन तथा प्रकाशन गरी पर्या पर्यटन विकासमा जोड दिइनेछ ।

५. जडिवुटि उत्पादन तथा उतखनका लागि गाउँस्तरिय युवाहरुको परिचालन गर्न उत्प्रेरित गर्ने नीति लिइएको छ ।

६. खालिरहेको सरकारी जग्गाहरुमा वृक्षारोपण गरिनेछ ।

७. डढेलो र चौरी शिकारलाई नियन्त्रण गर्न उचित पहल गरिनेछ।

### (ख) वातावरण, पर्यावरण एवम् जलाधार क्षेत्र संरक्षण सम्बन्धी,

१. स्थानीय वातावरणलाई स्वच्छ र सफा तरिकामा जोगाइ राख्न प्रदुषित वस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. वातावरण जोगाउन टोल विकास समितिका युवा वर्गलाइ परिचालन गरी गाउँघर टोल छिमेकीहरुको घरआगन सफासुघर वडास्तरमा शुत्रवारिय सफासुघर कार्यक्रम लागु गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका विभिन्न तालतलैया, पानीको मुल, नदिनाला, तथा खोलामा फोहोरमैला गर्न दिइने छैन। यसका लागि सम्बन्धीत स्थलमा अस्थायी डम्पिङ साइटको उचित व्यवस्थापन गरिनेछ |

**(ग) फोहरमैला व्यवस्थापन सम्बन्धी,**

१. "हाम्रो नाम्खा, स्वच्छ नाम्खा" निर्माण गर्न सम्पूर्ण युवा तथा बिद्यालय सहित विद्यार्थीलाई जनचेनतामुलक कार्यक्रम सन्चालन गरिनेछ |

२. पर्यटन प्रवर्द्धनलाई टेवा पूर्याउन प्रत्येक पर्यटन क्याम्पिङ क्षेत्रमा स्वच्छ खानेपानी र शौचालयको उचित व्यवस्था गरिनेछ ।

**(घ) जलवायु परिवर्तन, जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी,**

१. जलवायु परिवर्तन तथा विपद् जोखिमलाई न्यूनिकरण गर्न गाउँपालिकाबाट सुधार्नु पर्ने पक्षलाई ध्यानमा राखी आगामी दिनहरुमा जनचेतामुलक कार्यक्रम सन्चालन गर्ने नीति लगिएको छ ।

२. जलवायु परिवर्तनका कारण हुन सक्ने वातावरणीय प्रभावलाई सन्तुलन कायम गर्न विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. जलवायु परिवर्तन र वातावरण अनुकुललाई सवै वडास्तरमा जनचेतना अभियान सन्चालन गर्ने नीति लिइएको छ ।

**(ङ) विपद् व्यवस्थापन, बारुण यन्त्र, एम्वुलेन्स सम्बन्धी**

१. मानव तथा पशुवस्तुको जीवनमा आइपर्ने आपत र विपद्लाई नियन्त्रण एवं व्यवस्थापन गर्नका निम्ती विपद् व्यवस्थापन कोषको स्थापना गरी विपद् व्यवस्थापन गर्ने नीति रहेको छ ।

२. आपतकालिन अवस्थालाई ध्यानमा राखी विरामीहरुलाई छिटो छरितो उपचारको लागि प्रभावकारी एम्बुलेन्स (हवाई तथा गाडी) को उचित व्यवस्था गरिने नीति रहेको छ ।

३. काठमाडौ महानगरपालिकाबाट प्राप्त हुन एम्बुलेन्सलाई गाउँपालिकाका नागरिकका लागि सन्चालनमा ल्याइने छ ।

४. सम्भावित आगलागिलाई नियन्त्रण गर्न वाटर हाईड्रेन्डको व्यवस्था गरिने छ।

## (५) सुशासन तथा संस्थागत विकास समिति

### (क) सेवा प्रवाहको मापदण्ड, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,

१. जनसेवालाई अझ प्रभावकारी र व्यवस्थित वनाउन विभिन्न ऐन नियम र कार्यविधि निर्देशिका वनाई लागु गरी जनशक्ति व्यवस्थापनका लागि चाहिने विभिन्न खाले सेवाप्रवाह सम्बन्धी क्षमता अभिवृद्धि तालिमहरुको सन्चालन गरी जनशक्तिलाई सवल र सक्षम बनाउँदै लग्ने नीति लिइएको छ ।

२. जनप्रतिनिधिबाट गरिने जनसेवालाई सहज बनाउन विभिन्न किसिमको ऐन नियम र जिम्मेवारी बारे जानकारी गराउने खाल्का गोष्ठीको आयोजना गरी जनप्रतिनिधिहरुलाई सवल र सक्षम बनाउने नीति लगिएको छ ।

३. जनसेवालाई सहज बनाउन भौतिक पूर्वाधार तथा श्रोत साधनयुक्त वनाइ जनशक्ति परिचालनमा नियमित बनाई मुस्कान सहितको सेवाको अवधारणालाई संस्थागत गर्दै लैजाने नीति लिइएको छ ।

४. सुशानसन अभिबृद्धीका लागि पालिकाबाट प्रवाहहुने सेवा सुविधालाई डिजिटल नागरिक पत्र एवम टेलिभिजन डिसिपेले मार्फत सर्वसाधारणलाई जानकारी गराइनेछ ।

### (ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी,

१. संस्थागत विकास नै पहिलो भएकोले गाउँपालिकालाई श्रोत र साधन सपन्न बनाउन सार्वजनिक खरीद प्रकृया नै पहिलो आधार हो यसैको आधारमा गाउँपालिकाबाट सम्पादन हुने सवै कार्यहरु कानुन सम्बद्ध गर्दैं नियममा आधारित गाउँपालिका बनाउने नीति लिएको छ ।

२. गाउँपालिकाको नाममा रहेको चलअचल सम्पति संरक्षणको जिम्मेवारीसवैको हो । हाल सम्म प्राप्त भएका र पछि प्राप्त हुने सवै खाले साधन वा चलअचल सम्पतिलाई संस्थागत दायित्वमा पर्ने भएकाले सवैलाई अपनत्वका भावनाको विकास हुनु संस्थागत आवश्यकता र अनुशासन भित्र पर्दछ ।त्यसैले सवै पक्षले सार्वजनिक सरकारी सम्पतिको प्रयोगमा मितव्ययीता, संरक्षण एवं सम्बर्द्धन र दिगो प्रयोग गर्ने नीति लिएको छ ।

३. सार्वजनिक खरिद र सम्पति व्यवस्थापनका लागि अनलाइन मार्फत व्यवस्थित पाम्स सफ्टवेयरमा सम्पतिको लेखाजोखा र तथ्यांक राखि आम्दानी र खर्च निकासी गरिदै आइरहेको छ । गाउँपालिका सदैव यसै प्रणालीमा रहेर सरकारी जिन्सी व्यवस्थापन चलाउने नीतिलाई निरन्तर दिइने छ ।

४. गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम तथा खरिदमा मितव्यायीता अपनाई प्रशासनिक खर्च कटौती गर्ने नीति अवलम्वन गरिनेछ।

५. पालिका भित्र सबै खरिद शाखालाई जिम्मेवारी दिइनेछ।

**(ग) सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी,**

१. संघीय संरचना अनुसार तीन तहको सरकार सन्चालन भईरहँदा हरेक तहको एक आपसमा अन्तर सम्बन्ध हुनु अत्यावश्यक छ । यस गाउँपालिकाबाट पनि संघ, प्रदेश सरकार र अन्य स्थानीय तह वीच हरेक विकास साझेदारी तथा कानुनी प्रावधानलाई सहकार्य एवं परिचालन वा परिचालित हुन एक आपस अन्तर सम्बन्ध र समन्वय आवश्यक छ । यसलाई थप मजबुद तथा प्रभावकारिता गर्दै जाने र अन्तरदेशिय तथा अन्य स्थानीय तह वीच भगेनी सम्बन्ध कायम गर्ने नीति लिएको छ ।

२. हरेक जनसेवा वडास्तरबाटै माथि आउने वा सम्पादन हुने भएकाले जनसेवालाई प्रभावकारी वनाउन गाउँपालिकाको र वडा वीच छलफल, सल्लाह, सहकार्य, अन्तरसम्बन्ध एवं समन्वयको पाटोलाई प्रभावकारी वनाई जनसेवामुखी र जनउत्तरदायी बनाउन गाउँपालिका र वडाहरु वीच सम्बन्ध र समन्वयमा सदैव लागि रहने नीति लिइएको छ ।

**(घ) बैठक व्यवस्थापन सम्बन्धी,**

१. वडा र गाउँपालिकामा आउने सवै खाले काम र सो संग सम्बन्धीत वाधा वा समस्याहरुको समाधानका लागि समयमै बैठक र छलफल हुनु आवश्यक भएकाले सरकारी ऐन नियमले तोकेको भन्दा पनि गाउँपालिकाको हित र विकासका लागि बढि भन्दा बढि छलफल र बैठकको आयोजना गर्ने नीति लिइएको छ ।

**(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी,**

१. गाउँपालिकामा रहेका बजारमा विक्री हुने सवै खाले खाद्य वस्तुको गुणस्तर र मापदण्डलाई स्वास्थ्यपरक बनाउन बजार अनुगमन गरी समान नापतौल र मूल्य एकिन तथा अखाद्य वस्तुको नियन्त्रण र नियमन गरी खाद्य सुरक्षा प्रति गम्भीर ध्यान दिने नीति लिएको छ ।

**(च) आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी**

१. गाउँपालिकाबाट सम्पादन हुने सवै खाले कृयाकलापको नियमित आन्तरिक र अन्तिम लेखापरीक्षण नियमित प्रकृया हो यो भइरहेको छ लेखापरीक्षणले औल्याएका विषयलाई पृष्टपोषणका रुपमा लिई कार्यसम्पादन गर्ने परिपाटीको सृजना गर्ने र वेरुजु न्यूनीकरण गर्न सवै सरोकारवालाई सचेत गराउँदै अघि बढ्ने नीति लिइएको छ ।

२.

**(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी,**

१. सरकारी विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी र विभुषणलाई निरन्तरता दिइ स्थानीय विदा र जात्रालाई विशेष मान्यता दिइने नीति लिइएको छ ।

**(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी,**

१. गाउँपालिकाले बढि भन्दा बढि करका दायराको खोजी र विस्तार गर्ने र आन्तरिक राजश्व वृद्धि गरी आन्तरिक श्रोतलाई सवल र सक्षम बनाउने नीति लिएको छ ।

२. गाउँपालिकाले जारी गरेको आर्थिक ऐन बमोजिम सवै खाले वस्तु र विषयलाई करको दायरामा ल्याउने र प्राप्त राजश्वलाई गाउँपालिकाको बढोत्तर हित र विकासमा प्रयोग गरीने नीति लिएको छ ।

३. राजश्व संकलनका लागि गाउँपालिका र सवै वडाहरुमा अनलाइनको प्राणालीबाट राजश्व सफ्टवयरको विकास गरिने छ ।

**(झ) वित्तीय जोखिम न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजू फछ्यौंट सम्बन्धी,**

१. आर्थिक प्रशासन शाखाबाट गाउँपालिकाको वित्तीय जोखिम न्यूनिकरणका लागि मध्यकालिन खर्च संरचनाको आधारमा वित्तिय अनुशासनमा रही आम्दानी र खर्चको व्यवस्थापन गर्ने र वित्तीय जोखिमबाट जोगिन गर्नु पर्ने कार्य सम्बन्धी सवै सरोकारवालाहरु लागिपर्ने नीति लिइएको छ ।

२. खर्च मितव्ययीता र बेरुजु न्यूनिकरण तथा सैद्धान्तिक एवं असुल उपर गर्नु पर्ने प्रकृतिका बेरुजु सम्परिक्षण गरी बेरुजु शुन्यूमा झार्नु गाउँपालिकाको कर्तव्य भएकाले आगामी बर्षमा यसलाई महत्वपूर्ण कार्य सम्झी बेरुजु कम गर्दै लैजाने नीति लगिएको छ ।

**(ञ) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी,**

१. गाउँपालिकामा कुनै पनि मानव अधिकार हनन् सम्बन्धी कार्य गर्ने गराउन वा प्रेरित गर्न पाईने छैन । मानव अधिकारयुक्त गाउँपालिका वनाउने नीति लिइएको छ ।

२. गाउँपालिकामा न्यायिक सम्पादनका लागि स्थानिय सरकार सन्चालन ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी निपष्क्ष र न्यायोचित ढंगले न्याय समितिले काम गर्ने नीति लिएको छ ।

३. गाउँपालिकामा भएका विभिन्न किसिमका विवादहरुको समाधन गाउँपालिकाको न्याय समिति मार्फत गरी विवाद शुन्य गाउँपालिका वनाउँदै लगिने नीति रहेको छ ।

४. वडास्तरिय न्यायिक तथा मेलमिलाप समितलाई सवल र प्रभावकारी बनाउन विभिन्न कानुनी प्रावधानका विषयमा अभिमुखीकरण सन्चालन गरी न्यायिक सम्पादनका क्षेत्रलाई प्रभावकारी वनाउन सहज गराउने नीति लिइएको छ ।

**(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी,**

१. यस गाउँपालिकाबाट सन्चालन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको प्रार्दशिकता जिम्मेवारीता जवाफदेही र सवल एंव प्रभावकारीता बनाउनका लागि गाउँपालिका स्तरिय योजना अनुगमन तथा मूल्याकनको पाटोलाई अझ कसिलो पेचिलो र सकृय बनाउँदै लैजाने नीति लिइएको छ ।

२. गाउँपालिका स्तरिय सूचना तथा तथ्यांकहरुलाई व्यवस्थित बनाउन सूचना प्रविधि शाखा लगायत योजना तथा प्रशासन शाखा र जिन्सी एवं आर्थिक प्रशासन शाखालाई सुविधा सम्पन्न बनाई गाउँपालिकाको तथ्यांक व्यवस्थापन विश्वासिलो भरपर्दो र बलियो बनाउँदै लगिने नीति लिइएको छ ।

**(ड) सुशासन प्रबर्धन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी,**

१. गाउँपालिकाको प्रशासनिक र वित्तिय शुसासन प्रबर्धन तथा कायमका सदैव कृयाशिल रहने र गाउँपालिकाद्धारा सम्पादन गरिएका आयोजना तथा कार्यक्रमको चौमासिक र बार्षिक प्रगति प्रतिवेदन लगायत चौमासिक, वार्षिक समिक्षा र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गरी गाउँपालिकालाई पारर्दशिक गाउँपालिका बनाउने नीति लिइएको छ ।

२. हरेक आयोजना तथा कार्यक्रम कार्यन्वयन पश्चात सम्बन्धीत सरोकारवालाहरुले समुदायस्तर सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरेमा मात्र कार्यक्रमको अन्तिम भुक्तानी दिने कानुनी पद्धतिलाई अझ बलियो बनाई सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरेको फोटो

र दावि विरोधको सूचना समेतको प्रावधान राखी गाउँकार्यपालिकाले भुक्तानी दिने निर्देशन सहितको निर्णय अनिवार्य पेश गर्नु पर्ने नीति लिइएको छ ।

३. गाउँपालिका भित्र सन्चालित सबै कार्यक्रमहरुको निरन्तर अनुगमन तथा मूल्यांकनको प्रणालीमा राखी सुशासन कायम गरिने नीति लिइएको छ ।

**(ढ) नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय सम्बन्धी**

१. गाउँपालिकाबाट सम्पादन गरिएका कामको नागरिक लेखाजोखाको लागि कार्यालयमा नागरिक सन्तुष्टी सर्वेक्षण फाराम राखिको छ यसलाई नागरिकको भावनालाई कदर गर्दै गाउँपालिकाको हित र विकास एवं सुरक्षाको निम्ती सदैव अघि वढ्ने नीति लिइएको छ ।

२. **“हाम्रा कुरा अध्यक्ष** संग” भन्ने टोल फ्रि नम्बरबाट सेवा प्रवाह र विकास निर्माणका बिषयमा जनचाहाना र गुनासाहरु सुन्ने र सुनाउनका लागि प्रत्येक हप्ताको शुक्रबार प्रत्यक्ष नागरिक संग जोडिने कार्यक्रम गरिने छ ।

३. गाउँपालिकाको कार्यक्षेत्रसंग सम्बन्धित विकास साझेदार र गैह्रसरकार संघ संस्थाहरुको कामकारवाही पारदर्शी जवाफदेही र प्रभावकारी बनाउन प्रत्येक महिना समन्वय बैठकको आवश्यक व्यवस्था मिलाइने छ।

४. विकास साझेदार र गैह्रसरकार संघ संस्थाहरुको समन्वयका लागि गाउँपालिकास्तरिय एनजिओ डेक्सको स्थापना गरीने छ। अनुगमन प्रतिवेदन र समीक्षा गरी लगानी मैत्री वातावरण निर्माण गर्ने नीति लिइएको छ ।

